# नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

**प्रेस विज्ञप्ति— माघ १८, २०६२**

---

**नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेकपा (माओवादी) नेतृत्वलाई पुनः आह्वान गर्दछ**

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर-नेपाल) नेकपा (माओवादी) नेतृत्वलाई चुनावी उम्मेदवारलगायत निशस्त्र सर्वसाधारणलाई उनीहरूको शारीरिक अखण्डता तथा जीवनप्रतिको अधिकारको उल्लङ्घन गरी हानि पुर्‍याउने कार्य पार्टीको नीतिविरुद्ध हुने कुरा आफ्ना कार्यकर्तालाई भन्न तथा सार्वजनिक रूपमा सो कुरा व्यक्त गर्न आज पुनः आह्वान गर्दछ।

ओएचसिएचआर-नेपालका प्रतिनिधि इयान मार्टिन भन्नुहुन्छ :

“माघ ९ गते जनकपुरमा भएको श्री विजयलाल दासको हत्याको भर्त्सना गर्न अनुरोध गरेयता माओवादी नेतृत्व मौन रहेकोमा म खेद प्रकट गर्दछु। यो मौनताले निशस्त्र व्यक्तिहरूविरुद्ध भौतिक कारबाही रोकिएको भन्ने पार्टी अध्यक्ष प्रचण्डद्वारा व्यक्त गरिएको वचनबद्धता तथा नगरनिर्वाचनका प्रत्याशी तथा अधिकारीहरूमा पनि यो लागू हुनेछ छ भनी मलाई दिएको आश्वासनमाथि प्रश्न उठाएको छ।”

श्री दासको हत्याअतिरिक्त ओएचसिएचआर-नेपालले माघ १२ गते (जनवरी २५) भएको गुलेरिया, बर्दिया जिल्लाका संभावित नगरप्रमुख उम्मेदवार श्री रामकुमार थारूको अपहरण सम्बन्धमा पनि नेकपा (माओवादी)सँग जानकारी उपलब्ध गराउन तत्काल अनुरोध गरेको थियो तर अहिलेसम्म सोको जवाफ आएको छैन्। नेपालस्थित उच्चायुक्तको कार्यालय ललितपुरको उप-प्रमुख पदका प्रत्याशी श्री दलबहादुर राईमाथि हिंजो भएको गोली प्रहारको भर्त्सना गर्दछ। यी घटनामा आफ्ना कार्यकर्ताहरू उत्तरदायी भए नभएको खुलाउन नेकपा (माओवादी)लाई ओएचसिएचआर-नेपाल अनुरोध गर्दछ। माघ १५ (जनवरी २८) गते नेकपा (माओवादी)को उपत्यका ब्युरोको तर्फबाट प्रभाकिरणले उम्मेदवारी दिने वा चुनावमा भाग लिनेहरूले “अत्यन्त गम्भीर परिणामहरू” भोग्नु पर्ने भनी धम्की दिंदै जारी गरेको वक्तव्यलगायत पार्टीका स्थानीय नेताहरूबाट आएका अनेकौं धम्कीयुक्त वक्तव्यहरूको सन्दर्भमा यी घटनाहरू देखापरेका छन्।

“स्पष्टीकरणका लागि नेकपा (माओवादी) नेतृत्वसमक्ष मैले गरेको अनुरोधको जवाफ अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको सम्मान गर्ने उनीहरूको प्रतिवद्धताको सङ्केत हुनेछ,” मार्टिनले भन्नुभयो।

ओएचसिएचआर-नेपाल प्रत्याशीहरूलाई चुनावी प्रक्रियाबाट उम्मेदवारी फिर्ता लिन वा नलिन जोरजोलुम गर्ने उद्देश्यले गरिने अन्य सबै हिंसा वा हिंसायुक्त धम्कीहरूप्रति पनि कडा खेद व्यक्त गर्दछ।